**धनपालथान गाउपालिका**

# गाउ कार्यपालिकाको कार्यालय

**सोराभाग, मोरङ्ग**

**१ नं. प्रदेश**

## शिलवन्दी वोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति: २०७५।०३।२७

यस कार्यालयवाट आ.व. २०७५।०७६ का लागि आन्तरिक आय अन्तर्गत तपसिल बमोजिमको कर दस्तुर असुली कार्य ठेक्का वन्दोवस्त द्वारा संकलन गर्नु पर्ने भएको हुदाँ इच्छुक ब्यक्ति, फर्म वा कम्पनीहरुवाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा तपसिलका शर्त बन्देजका अधिनमा रहि वोलपत्र फारम धनपालथान गाउपालिकाको कार्यालय, सोराभाग मोरङ्गबाट खरिद गर्न र १६ औं दिन दिनको १२.०० बजे भित्र शिलवन्दी वोलपत्र दर्ता गर्नु हुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | ठेक्का विवरण | न्यूनतम अंक (मू.अ.कर बाहेक) | बोलपत्र मूल्य | कैफियत |
|---|---|---|---|---|---|
| १ | १–०७५/७६ | मबेशी बिक्रि मुल्यको कर असुली | रु.१०,१५,०००।– | १०००।– | |
| २ | २–०७५/७६ | कर्सिया हाट बट्टी कर असुली | रु.९,५०,०००।–. | १०००।– | |
| ३ | ३–०७५/७६ | कदमाहा चोक उत्तर लोहन्द्रा घाट सम्मको सडकमा पटके सवारी कर असुली | रु.५००००।– | ३००।– | |
| ४ | ४–०७५/७६ | बेतौना – मायागञ्ज सडकमा पटके सवारी कर असुली | रु.२५०००।– | ३००।– | |
| ५ | ५–०७५/७६ | कदमाहा – नोचा सडकमा पटके सवारी कर असुली | रु.२५०००।– | ३००।– | |
| ६ | ६–०७५/७६ | लक्ष्मीमार्ग सोराभाग सडकको कर्सिया बिपी चोक दक्षिण भारत सिमाना सम्मको सडकमा | रु.२,००,०००।– | ५००।– | |
| ७ | ७–०७५/७६ | लक्ष्मीमार्ग सोराभाग सडकको कर्सिया बिपी चोक उत्तर धनपालथान ५ को सिमाना सम्मको सडकमा पटके सवारी कर असुली | रु.२,००,०००।– | ५००।– | |
| | | तपसिल अनुसारका वडा नं. ५ को बाटोहरु | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | ८–<br>०७५/७६ | (क) किसान स्कुल – फुटानी चोक हुदै बबियाबिर्ता सम्मको सडकमा पटके सवारी कर असुली<br>(ख) दादरबैरिया चोक देखि किसान प्रा.बि. हुदै बालुघाट सम्मको सडकमा पटके सवारी कर असुली<br>(ग) दादरबैरिया भंगा पुल देखि फुटानी चोक सम्मको सडकमा पटके सवारी कर असुली | रु.५,२५,०००।– | ५००।– | |
| ९ | ९–<br>०७५/७६ | सोराभाग पानी टंकी – बबियाबिर्ता खण्डको सडकमा पटके सवारी कर | रु.५०,०००।– | ३००।– | |
| १० | १०–<br>०७५/७६ | गुरुदयाल पोखरी ठेक्का धनपालथान–२ | रु.१२००००– | ५००।– | |
| ११ | ११–<br>०७५/७६ | साबिक दादरबैरिया ४ को कालिका प्रा.बि. उत्तरको पोखरी ठेक्का धनपालथान–५ | रु.१५००००।– | ५००।– | |
| १२ | १२–<br>०७५/७६ | दानावती हाटीयाको हाट बट्टी कर असुली धनपालथान –३ | रु.१५००००।– | ५००।– | |
| १३ | १३–<br>०७५/७६ | राजा धनपालथान हटीयाको हाट बट्टी कर असुली धनपालथान –७ | रु.१५०००।– | ३००।– | |
| १४ | १४–<br>०७५/७६ | नोचा हटीयाको हाट बट्टी कर असुली धनपालथान –१ | रु.१५०००।– | ३००।– | |
| १५ | १५–<br>०७५/७६ | फुटानी चोक हटीयाको हाट बट्टी कर असुली धनपालथान –५ | रु.१५०००।– | ३००।– | |
| १६ | १६–<br>०७५/७६ | किसान चोक हटीयाको हाट बट्टी कर असुली धनपालथान –५ | रु.१००००।– | ३००।– | |

**शर्तहरु:**

१. माथि उल्लेखित ठेक्काहरुबाट कर दस्तुर असुल गर्दा धनपालथान गाउपालिकाको कार्यालय ,सोराभाग मोरङ्गले तोकिएको संकलन केन्द्रबाट मात्र ठेकदारले कर दस्तुर असुल गर्नुपर्ने छ ।

२. कर असुलीको दररेट वोलपत्र फारम साथ उपलब्ध गराईने छ ।

३. शिलवन्दी बोलपत्र, बोलपत्र फारम खरिद गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको १२:०० बजे भित्र धनपालथान गाउपालिकाको कार्यालय सोराभाग, मोरङमा दर्ता गराई सक्नु पर्ने छ । साथै सो भन्दा अगावै समेत कार्यालय समय भित्र शिलवन्दी वोलपत्र दर्ता गराउन सकिनेछ ।

४. ठेक्का अवधि सम्झौता भएको मिति बाट २०७६ असाढ मसान्त सम्म हुनेछ । तर पोखरी ठेक्काको हकमा २०७८ आषाढ मसान्त सम्मको अवधि हुनेछ ।

५. प्रत्येक ठेक्काको छुट्टा छुट्टै बोलपत्र खरीद गरी जुन ठेक्कामा प्रतिस्पर्धा गर्ने हो सो को छुट्टा छुट्टै बोलपत्र पेशगर्नु पर्नेछ ।

६. बोलपत्र दाताले खामको वाहिरपट्टी ठेक्काको विवरण, धनपालथान गाउपालिकाको कार्यालय सोराभाग, मोरङ भनि प्रष्ट बुझिने गरी उल्लेख गर्नु पर्ने छ ।

७. शिलवन्दी वोलपत्र फारम साथ ठेक्का नं. १ र २ को हकमा दर्ता भएको फर्म ईजाजत पत्रको प्रतिलिपी, आन्तरिक राजस्व कार्यालयवाट प्राप्त स्थायी लेखा नम्बर र मू.अ.कर दर्ता प्रमाण पत्रको प्रतिलीपी र र आ.व.२०७४।०७५ को आय कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी समेत संलग्न हुनु पर्नेछ र अन्य ठेक्काको हकमा ब्याक्तिको नागरिकता प्रमाण पत्रको प्रतिलिपी संलग्न हुनुपर्ने छ । धरौटी वापत कवोल अंकको ५% रकम यस कार्यालयको नाममा कृषि बिकास बैंक मुख्य शाखा कार्यालय बिराटनगरमा रहेको धरौटी खाता नं. ०६०१६०११५०४४००४२ मा नगदै धरौटी रकम जम्मा गरी सो को सक्कल भौचर पेश गर्नु पर्नेछ ।

८. कवोल रकम अंक र अक्षरमा प्रष्ट संग उल्लेख गर्नु पर्ने छ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको लाई मान्यता दिईनेछ ।

९. शिलवन्दी वोलपत्र दाखिला गर्ने अन्तिम दिन दिनको २.०० बजे यस कार्यालयमा नियमाअनुसार खोलिने छ । वोलपत्र खरिद र दाखिला गर्ने अन्तिम दिन वा वोलपत्र खोलिने दिन विदा परेमा सो को लगतै कार्यालय खुलेको दिन तोकिएकै समयमा उक्त कार्यहरु गरिनेछ ।

१०. वोलपत्र स्वीकृत भएको सूचना पाएको ७ (सात) दिन भित्र सम्झौता गरिसक्नु पर्नेछ । उक्त अवधिमा सम्झौता गर्न नआएमा नियमानुसार कार्वाही अगाडी वढाईनेछ ।

११. ठेक्का रकम लाई किस्तामा बुझाउनका लागि पहिलो किस्ता ५० प्रतिशत, दोश्रो किस्ता ३० प्रतिशत, तेश्रो तथा अन्तिम किस्ता २० प्रतिशत गरी विभाजन गरिनेछ । यसरी किस्ता निर्धारण गरी पहिलो किस्ता सम्झौता गर्दा कै बखतमा, दोश्रो किस्ता २०७५ पौष मसान्त भित्र र तेश्रो तथा अन्तिम किस्ता वरावरको रकम २०७५ चैत्र मसान्त भित्रमा वुझाउनु पर्नेछ । दोश्रो र तेश्रो किस्ता वरावरको रकमको हकमा २०७६ आषाढ मसान्त सम्म अवधि रहेको बैंक ग्यारेण्टी वा रु.५०,०००।– बराबर १ कठ्ठाले हुन आउने क्षेत्रफल बराबरको जगगा रोक्का राख्नु पर्नेछ । एकमुष्ट रकम वुझाउन चाहनेले एकमुष्ठ रकम कबोल अंकमा मू.अ.कर बाहेकको ठेक्का रकममा १०% ले हुन आउने रकम छुट दिइनेछ ।

१२ ठेकदारले कबोल गरेको अंकमा मू.अ.कर बापतको रकम थप गरी बुझाउनु पर्नेछ ।

१३. ठेकेदारले राखेको धरौटी रकम ठेक्का अवधि समाप्त भएपछि आन्तरिक राजस्व कार्यालयमा कर तिरेको प्रमाण र धनपालथान गाउपालिकाको कार्यालयवाट कर असुलीमा प्रयोग भएको रसिद जाचवुझ भएपछि मात्र फिर्ता दिईनेछ । यसरी रसिद चेक गर्दा तोकिएको दररेट र वस्तु वाहेक गैर वस्तु र फरक दररेटमा कर दस्तुर असुल गरेको पाईएमा यो वरावरको रकम धरौटी रकमवाट कट्टा गरी बाँकी रकम मात्र फिर्ता दिईनेछ ।

१४. ठेक्का कवोल गर्ने ठेकेदारले धनपालथान गाउपालिकाको कार्यालयले तोकि दिईएको कर उठाउँदा प्रयोग गर्ने रसिदहरु ठेकेदारले आफनै तर्फवाट छपाई सो रसिदहरु यस कार्यालयवाट कार्यालय प्रमुख वा तोकिएको अन्य कर्मचारीवाट अनिवार्य प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ । प्रमाणित वाहेकका रसिदवाट कर उठाईएका उजुरी वा जानकारी कार्यालयमा प्राप्त भएमा नियमानुसार कार्वाही चलाईने छ ।

१५. वन्द हडताल जस्ता मानव सृजित कारणवाट सृजना हुने अवस्थाको कारण कर छुट वा मिनाहा हुनेछैन ।

१६. यो सूचना वमोजिम दाखिला भएको कुनै वा सबै वोलपत्र धनपालथान गाउपालिकाले कुनै कारण देखाई वा नदेखाई स्वीकृती वा अस्वीकृत गर्न सकिनेछ ।

१७. कुनै शर्त सहितको वोलपत्र स्वीकार्य हुनेछैन ।

१८. राष्ट्रिय राजमार्ग वा सहायक राजमार्गमा ढाट राखी कर संकलन गर्न पाईने छैन ।

१९. ठेकदारले स्थानीय तह तथा धनपालथान गाउपालिकाको कार्यालयले समय समयमा दिएको निर्देशनहरु पालन गर्नू पर्नेछ र यस कार्यालय तथा ठेकदार बिच कुनै बिबाद भएमा धनपालथान गाउपालिकाको कार्यालयले गरेको निर्णय अन्तिम हुनेछ ।

२०. धनपालथान गाउपालिकाको कार्यालय लाई बुझाउनु पर्ने बांकी बक्यौता भएमा ब्यक्तिहरुको बोलपत्रलाई बाकी बक्यौता नबुझाएमा स्वीकृत गरिनेछैन् ।

२१. कर असुलीको दररेट एवं कर लाग्ने बस्तुहरुको बिबरण सहितको होडिङ्ग वोर्ड ठेकदारले प्रत्येक संकलन केन्द्रमा सबैले देखिने गरी अनिबार्य रुपमा राख्नु पर्नेछ ।

२२. **<u>पटके सवारी कर ठेक्काको हकमा</u>**

(क)जुन सडकको लागी ठेक्का लगाईएको हो साही सडकको बांकी अंश निर्माण तथा सडक मर्मत सम्भारका लागि उ.स.निर्माण कम्पनी, दातृ निकाय मार्फत प्रयोग भएको गाडीमा कर लिन पाईने छैन्।

(ख)नेपाल सरकारको स्वामित्वमा रहेको सवारी साधन, कुटनैतिक नियोगका सवारी साधनमा पटके सवारी कर लिन पाईने छैन् ।

(ग)खाली गाडीमा कर लिन पाईने छैन ।

(घ)बिदेशी गाडी भए तोकिएको दर भन्दा दोब्बर कर उठाउनुपर्ने छ ।

(ङ)निजी बिद्यालयको गाडीमा तोकिएको दरमा ५०% रकम छुट दिनुपर्नेछ ।

२३. सूचनामा उल्लेख नभएका कुराहरु को हकमा प्रचलित कानून अनुसार हुनेछ ।

२४. यस सम्वन्धमा अन्य जानकारी लिन चाहेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

..............................

प्रमुख प्रशासकिय अधिकृत

धनपालथान गाउपालिकाको कार्यालय,

सोराभाग, मोरङ्ग ।